# तुर्माखाँद राजपत्र

**तुर्माखाँद गाउँपालिकाद्वारा प्रकाशित**

**खण्ड ७ संख्या १० मिति २०८० चैत्र १४ गते**


## भाग १

### तुर्माखाँद गाउँपालिकाको सूचना

तल उल्लिखित ऐन सुदूरपश्चिम प्रदेशको स्थानीय तहको कानून निर्माण प्रक्रिया सम्बन्धी ऐन २०७५ दफा २४ (५) तथा यस गाउँपालिकाको राजपत्र प्रकाशन सम्बन्धी कार्यबिधि २०७५ को दफा ९ (२) बमोजिम सर्वसाधारण जनताको जानकारीका लागि प्रकाशन गरिएको छ:

**सम्बत् २०८० को ऐन नं.१०**

## विपद् पिडित राहत वितरण कार्यविधि,२०८०

**प्रस्तावनाः** तुर्माखाँद गाउँपालिका क्षेत्रभित्र विभिन्न किसिमका विपद्बाट पिडित व्यक्तिहरुलाई सरल, सहज र छिटो छरितो प्रक्रियाबाट राहत प्रदान गरी उनीहरुलाई तत्काल राहतको महशुस हुने गरी राहत बितरण गर्नु पर्ने भएकोले तुर्माखाँद

गाउँपालिका विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन २०७५ को दफा १८ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी तुर्माखाँद गाउँकार्यपालिकाको बैठकले **विपद् पिडित राहत बितरण कार्यविधि २०८०** स्वीकृत गरेको छ ।

## परिच्छेद- १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ** :(१) यस कार्यविधिको नाम "**विपद पिडित राहात बितरण कार्यविधि, २०८०** रहेको छ ।

(२) यो कार्यबिधि तुर्माखाँद गाउँपालिकाको कार्यालयले स्वीकृत गरेको मिति देखि लागु हुनेछ ।

**२. परिभाषा** : (१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "**आंशिक क्षती**" भन्नाले घर, गोठ, धन्सार, बा यस्तै भौतीक पूर्वाधारको हकमा ५० % भन्दा कम क्षती र पशु धनको हकमा विपद्को कारण मृत्यु भएकोलाई सम्झनु पर्दछ ।

(ख) **"ऐन भन्नाले"** विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन २०७५ लाई सम्झनु पर्दछ ।

(ग) **"गम्भिर घाईते"** भन्नाले अंङ्गभङ्ग भएको मानिसलाई सम्झनु पर्दछ। सो शब्दले विपदबाट अङ्गभङ्गको पशुधनलाई समेत सम्झनु पर्दछ ।

(घ) **"पशुधन"** भन्नाले वस्तुभाउ पशुपंक्षी आदिलाई सम्झनु पर्दछ ।

(ङ) **"पूर्ण क्षती"** भन्नाले घर, गोठ, धन्सार, वा यस्तै भौतीक पूर्वाधारको हकमा ५० % वा सो भन्दा बढी क्षती भएको, परालको टौवाको हकमा पुरै नष्ट भएकोलाई सम्झनु पर्दछ । साथै सो शब्दले पूर्ण रुपमा नष्ट



तुर्माखाँद गाउँपालिका

भएको तरकारी बाली, खाद्यान्न बाली, नगदे बाली र विउविजनलाई समेत जनाउनेछ ।

(च) **"विपद भन्नाले"** ऐनमा परिभाषित प्राकृतिक र गैरप्राकृतिक दुवै प्रकारको विपदलाई सम्झनु पर्दछ ।

(छ) **"विपदबाट भएको क्षती''** भन्नाले बाढी पहिरो, हावाहुरी, आगलागी वा चट्याङ्गको कारणबाट घर, गोठ, धन्सार, वा यस्तै भौतीक पूर्वाधारमा भएको क्षती, बाढी पहिरो, चट्याङ्ग वा जंगली जनावरको आक्रमणबाट पशु धनको मृत्युलाई सम्झनु पर्दछ ।

(ज) **"राहत कोष"** भन्नाले ऐन बमोजिम स्थापित कोषलाई सम्झनु पर्दछ ।

**३. विपद्को अवस्थाको लेखाजोखा एवं आकलनः** (१) विपदबाट पिडित व्यक्तिले विपदवाट भएको क्षतीको बिबरण सहीत निम्नानुसारको कागजतात सम्बन्धित बडा कायर्यालयमा पेस गर्नु पर्नेछ ।

(क) कुन किसिमको विपदबाट के कस्तो क्षती भएको हो स्पष्ट खुल्ने निवेदन,

(ख) आफ्नो नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि,

(ग) क्षती भएको भौतीक संरचना बा पशुधनको क्षती भएको भाग स्पष्ट देखिने फोटो समेत पेश गर्नु पर्नेछ ।

(२) उपदफा (२) बमोजिम निवेदन पेश भएमा सम्बन्धित वडा कार्यालयले प्राथमिकताका साथ सर्जमिन मुचुल्का खडा गरी पिडित व्यक्तिले पेश गरेका कागजात र बडा सिफारिश समेत संलग्न गरी गाउँपालिकामा पेश गर्नु पर्नेछ ।

(३) बडा कार्यालयले सिफारिश गदां पूर्ण वा आंशिक क्षती के भएको हो स्पष्ट खोली सिफारिश गर्नु पर्नेछ ।

(४) विपदबाट पिडित नागरिकहरुलाई गरीएको राहात वितरणको अभिलेख राखि उक्त विवरण त्रैमासिक रुपमा विपद व्यस्थापन शाखाले अनुसूचि ३ बमोजिमको ढाँचामा तुर्माखाँद गाउँपालिकाको वेव साइट र अन्य सूचनाका माध्यामहरु बाट सार्वजनिक गरिनेछ ।

**४. राहात वितरण विवरण, दर तथा परिमाणः** (१) आंशिक क्षती भएको विपद् पिडितलाइ कार्यविधि बमोजिम राहत वितरण गरिनेछ । आंशिक क्षतीको राहत वितरण गर्ने बिबरण, दर तथा परिमाण अनुसूची - १ बमोजिम र पूर्ण क्षती भएको विपद् पिडितलाइ राहत बितरण गर्ने विवरण, दर तथा परिमाण अनुसूची २ बमोजिम हुनेछ ।

यस उपदफामा जुनसुकै कुरा लेखीएको भएतापनि सरकारी र सामुदायिक भवनहरुमा भएको क्षतिलाई आवश्यकता र अनुगमनका आधारमा अधिकतम ५० हजार र न्युनतम २० हजार सम्म राहत उपलब्ध

गराउन सकिनेछ । यस्तो किसिमको निर्णय तत्काल राहत वितरण समितिले गर्नेछ ।

(२) आबासीय घरको पूर्ण क्षती भई तत्काल बसोबासको समस्या, खानाको समस्या आएको भन्ने जानकारी हुन आएमा तथा यस कार्यविधिमा उल्लेख नभएका विषयहरुमा राहत उपलब्ध गराउनु परेमा निम्नानुसारका पदाधिकारी रहेको तत्काल राहत वितरण समिति रहनेछ । समितिले तत्काल भएको क्षतीका आधारमा आवश्यकताका आधारमा राहत स्वरुप जिन्सी मालसामान उपलब्ध गराउनेछ ।

(क) गाउँपालिका अध्यक्ष - संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकत - सदस्य

(ग) सम्बन्धित वडाको वडा अध्यक्ष - सदस्य

(३) एउटै विपद्को कारणबाट भएको क्षतीको लागि आंशिक क्षतीको राहत बितरण भइ सके पछि थप क्षती भएको बा पूर्ण क्षती भएको भनी थप राहतको लागि सिफारिस गरिने छैन ।

यस उपदफामा जुनसकै कुरा लेखिइएको भएतापनि क्षतीको अवस्थालाई मध्यनजर गरी गाउँकार्यपालिकाले अन्य राहत योग्य जिन्नी

मालसामानको मौज्दात अबस्था वा बजेट व्यवस्थालाई मध्यनजर गरी जिन्सी मालसामान वितरणको निर्णय गरी त्यस्ता किसिमका जिन्सी मालसामान वितरण गर्न यस उपदफाले बाधा पुयाएको मानिनेछैन।

**५. महामारी जन्य प्रकोप व्यवस्थापनः** (१) महामारीजन्य प्रकोपको व्यवस्थापन तथा राहत वितरण कार्यको लागि देहाय बमोजिमका पदाधिकारी रहेको महामारीजन्य प्रकोपको व्यवस्थापन समिति रहनेछ ।

(क) गाउँपालका अध्यक्ष - संयोजक

(ख गाउँपालिका उपाध्यक्ष - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) आर्थिक प्रशासन शाखा प्रमुख -सदस्य

(ङ) वन, वातावरण तथा विपद व्यवस्थापन समितिको संयोजक —सदस्य

(च) वातावरण तथा विपद व्यवस्थापन शाखाको शाखा प्रमुख - सदस्य सचिव

(२) समितिले आवश्यकता अनुसार अन्य कर्मचारी,पदाधिकारी वा विज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

(३) समितिले महामारी जन्यप्रकोपको व्यवस्थापन कार्य ढाचाँ, प्रक्रिया, आवश्यक कर्मचारी तथा विज्ञ परिचालन, आवश्यक औषधी तथा अन्य मालसमानको व्यवस्थापन गर्ने निर्णयको साथै राहत वितरण ढाँचा तथा परिमाणको निर्णय गर्ने सक्नेछ ।

१. **यसै कार्यविधि बमोजिम भए गरेको मानिने:** स्थानीय तहले यो कार्यविधि लागू हुनु भन्दा अघि गरेका विपद पिडित राहत सम्बन्धी कार्यहरू यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ। यस कार्यविधिमा उल्लेख नभएका प्रक्रियाहरू अवलम्वन गर्दा विपद सम्बन्धी प्रचलित नेपाल सरकार तथा प्रदेश सरकारको कानूनमा भएको प्रक्रियाहरू अवलम्वन गर्न कुनै बाधा पर्ने छैन।

# अनुसूची-१

## राहत वितरण विवरण, दर तथा परिमाण

(दफा ४ को दफा उपदफा (१) संग सम्बन्धित)

आंशिक क्षतिको लागि

| क्षतिको विवरण | राहात वितरणको दर अधिकतम रु (प्रति व्यक्ति/वटा) | कैफियत |
|---|---|---|
| | मानविय क्षति | |
| घाइते | ५ हजार | |
| | पशुपंक्षी | |
| भैसि | १२ अजार | यस बमोजिम राहात विमा नगरीएको हकमा मात्र प्रदान गरिनेछ । |
| गाई | ४ हजार | |
| गोरु | ८ हजार | |
| राँगो | १५ हजार | |
| पाडापाडी | २ हजार | |
| बाखा/भेडा | ३ हजार | |
| बोका | ५ हजार | |
| खसि | ६ हजार | |
| पाठापाठि | १ हजार | |
| बंगुर | ५ हजार | |
| बंगुरको पाठापाठी | २ हजार | |

तुर्माखाँद गाउँपालिका

| | | |
|---|---|---|
| कुखुरा/हाँस प्रति गोटा | | |
| २५ देखि १०० सम्म | १०० | विमा नगरीएको हकमा मात्र प्रदान गरिनेछ । |
| १०० भन्दा माथि | १५० | |
| भौतिक संरचना | | |
| पक्कि घर (Rcc ढलान) | १५ हजार | |
| कच्ची घर (ढुङ्गा माटो जोडाई गरि टिन वा ढुङ्गाको छाना भएको) | १० हजार | |
| कच्ची घर (ढुङ्गा माटो जोडाई गरि खरको छाना भएको) | ७ हजार | |
| गोठ/सानो टहरा | ४ हजार | |
| बालिनाली/प्रतिरोपनी/प्रति क्विन्टल | | |
| खाद्यान्न | ५ सय | यस बमोजिम राहात विमा नगरीएको हकमा मात्र प्रदान गरिनेछ । |
| तरकारी | १ हजार | |
| नगद्देबाली | १ हजार | |
| तेलहन | १ हजार | |
| दलहन | ८ सय | |

## आंशिक क्षतिको लागि

## अनुसूची-२

## राहत वितरण विवरण, दर तथा परिमाण

*( दफा ४ को दफा उपदफा ( २) संग सम्बन्धित)*

पूर्ण क्षतिको लागि

| क्षतिको विवरण | राहात वितरणको दर अधिकतम रु (प्रति व्यक्ति/वटा) | कैफियत |
|---|---|---|
| मानविय क्षति | | |
| मृत्यु | २५ हजार | |
| भईपरी घटनाबाट मृत्यु भएका लास व्यवस्थापन तथा पोष्टमार्टम यातायात खर्च | ३० हजार | |
| भौतिक संरचना | | |
| पक्कि घर (Rcc ढलान) | २० हजार | |
| कच्ची घर (ढुङ्गा माटो जोडाई गरि टिन वा ढुङ्गाको छाना भएको) | १५ हजार | |
| कच्ची घर (ढुङ्गा माटो जोडाई गरि खरको छाना भएको) | १० हजार | |
| गोठ/सानो टहरा | ५ हजार | |

## अनुसूची-३

*( दफा ३ को उपदफा (४) संग सम्बन्धित)*

***विपद पिडित नागरिकहरुलाई विपद राहात वितरण गरिएको त्रैमासिक विवरण फारम***

आ.वः मितिः-

अवधिः.........महिना देखि ........... सम्म

| क्र स | नामथर | ठेगाना | टोल | ना.प्र.न. | विपदको किसिम | प्राप्त राहात रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |

**प्रमाणीकरण मिति २०८०।१२।०८**

**चक्रदेव भट्ट**
**नि.प्रमुख प्रशासकीय अधिकृत**
**आज्ञाले**

तुर्माखाँद गाउँपालिका